आज मिति २०८२ वैशाख २८ गते दिउसो १ बजे भेरीगंगा नगर कार्यपालिकाको ८० औं वैठक भेरीगंगा नगरपालिकाका नगर प्रमुख श्री यज्ञप्रसाद ढकालज्युको अध्यक्षतामा भेरीगंगा नगरपालिकाको सभाकक्षमा तपशिल बमोजिमको उपस्थितीमा बसि देहायबमोजिमका निर्णयहरु पारित गरियो ।

**तपसिल :**

श्री यज्ञप्रसाद ढकाल, नगर प्रमुख
श्री धनसरा बोहरा, नगर उप-प्रमुख
~~श्री दिनेश पुलामी वडा अध्यक्ष वडा नं. १~~
श्री रमेश [illegible], का.मु.वडा अध्यक्ष १
श्री चिरन्जिवी बुढा, वडा अध्यक्ष वडा न. २
श्री जीत बहादुर सुनार, वडा अध्यक्ष वडा नं. ३
श्री गंगाबहादुर खत्री, वडा अध्यक्ष वडा नं. ४
श्री प्रेमबहादुर सारु, वडा अध्यक्ष वडा न. ५
श्री लाल सिं बुढाक्षेत्री, वडा अध्यक्ष वडा न. ६
श्री कर्णबहादुर मिजार, वडा अध्यक्ष वडा न. ७
श्री पुसे कामी, वडा अध्यक्ष वडा न. ८
श्री धन बहादुर कामी, का.वा.वडा अध्यक्ष वडा न. ९
श्री विरबहादुर बस्नेत, वडा अध्यक्ष वडा न. १०
श्री जयबहादुर नेपाली, वडा अध्यक्ष वडा न. ११
श्री रामबहादुर डाँगी, वडा अध्यक्ष वडा न. १२
श्री गणेशबहादुर भण्डारी, वडा अध्यक्ष वडा न. १३
श्री शेरबहादुर कामी, कार्यपालिका सदस्य
श्री सहविर महर, कार्यपालिका सदस्य
श्री पवित्रा घर्ती, कार्यपालिका सदस्य
श्री गौमाया खत्री, कार्यपालिका सदस्य
श्री खगीसरा पुन मगर, कार्यपालिका सदस्य
श्री मानसि परियार, कार्यपालिका सदस्य
श्री अमृता वि.सी. विष्ट, कार्यपालिका सदस्य
श्री ओविसरा बस्याल, कार्यपालिका सदस्य
श्री कृष्णप्रसाद पोखेल, (सचिव) प्रमुख प्रशासकीय अधिकृत

**सहयोगी कर्मचारीहरु :**

श्री कृष्ण प्रसाद शर्मा, शाखा अधिकृत
श्री कुल बहादुर खड्का, प्रशासकीय अधिकृत
श्री सरिता हमाल, सू.प्र.अ.
श्री शुशिला विसी., कार्यालय सहयोगी

CamScanner

निर्णय प्रमाणित

कृष्ण प्रसाद पोखरेल
प्रमुख प्रशासकीय अधि

| क्र.सं. | बैठकका एजेण्डाहरु |
|---|---|
| १ | आ. ब. २०८२।०८३ को योजना तर्जुमा सम्वन्धमा । |
| २ | मुख्यमन्त्री रोजगार कार्यक्रमको योजना सिफारिस सम्वन्धमा । |
| ३ | नगरपालिकाको संगठन तथा ब्यबस्थापन सर्भेक्षण सम्वन्धमा । |
| ४ | विविध सम्वन्धमा । |

## मिति २०८२।०१।२८ गतेको कार्यपालिका बैठकमा भएका निर्णयहरु:

**प्रस्ताव नं. १** : आ. ब. २०८२।०८३ को योजना तर्जुमा सम्बन्धमा ।

निर्णय नं. १. यस भेरीगंगा नगरपालिकाको आगामी आ. ब. २०८२।०८३ को योजना तर्जुमाको सम्वन्धमा तपसिलबमोजिमको समयसिमा निर्धारण गरी योजना छनौट प्रक्रिया अघि बढाउने साथै नीति तथा कार्यक्रम र बजेट तर्जुमा गर्ने निर्णय सर्बसम्मतीले पारित गरियो ।

तपसिल

| क्र.सं. | समयसिमा | कै. |
|---|---|---|
| १ | २०८२।०२।०७ सम्म वडाले बस्तिस्तरबाट योजना संकलन गरी वडामा Excel Copy सहित तयार गर्ने। | |
| २ | २०८२।०२।१० गतेसम्म नगरपालिकाले वडा र शाखाको बजेट सिलीङ उपलब्ध गराउने। | |
| ३ | २०८२।०२।१५ गतेसम्म बजेट सिलीङ बमोजिमको योजना वडा र शाखाले इकपी (Excel Copy) सहित नगरपालिकामा उपलब्ध गराउने । | प्रचलित कानूनको अधिनमा रही तोकिए बमोजिम प्राथमिकीकरण गर्ने |

**प्रस्ताव नं २** : मुख्यमन्त्री रोजगार कार्यक्रमको योजना सिफारिस सम्वन्धमा ।

निर्णय नं. २ : मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय कर्णाली प्रदेश सुर्खेतको च.न. ३०६२, मिति २०८२।०१।२१ गतेको पत्रानुसार तपसिलबमोजिमका योजना वडा कार्यालयबाट सिफारिस भई आएकोले मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय कर्णाली प्रदेश सुर्खेतमा सिफारिस गरि पठाउने निर्णय सर्वसम्मतीले पारित गरियो।

CamScanner

निर्णय प्रमाणित

कृष्ण प्रसाद [illegible]
प्रमुख प्रशासकिय अधिकृत

तपसिल

| क्र.सं. | योजनाको नाम | वडा नं. | आयोजना स्थल | प्रस्तावित रकम रु | विषयक्षेत्र |
|---|---|---|---|---|---|
| १ | कोसिरह आपखोली सिंचाई कुलो निर्माण | १ | आपखोली | १५ लाख | सिंचाई |
| २ | चौरगाउँ शिरमुल खानेपानी निर्माण | २ | चौरगाउँ | १५ लाख | खानेपानी |
| ३ | माथिल्लो डुङ्गीखोला देखि वडा कार्यालयसम्म तटबन्धन | ३ | गौजेगैरा आपसोति र वडा कार्यालय | १५ लाख | तटबन्धन |
| ४ | मुरलिखोला दमारगाउँ दोधारा सिचाई कुलो निर्माण | ४ | मुरलीखोला | १५ लाख | सिंचाई |
| ५ | गेरीवानी कुइने हात्तिखाल सालघारी सिंचाई कुलो निर्माण | ५ | गेरुवानी | १५ लाख | सिंचाई |
| ६ | कैनपानी सिम्तालीटोल सिंचाई कुलो निर्माण | ६ | सिम्ताली टोल | १५ लाख | सिंचाई |
| ७ | डुमकोट खोलामा तटबन्धन | ७ | डुमकोट | १५ लाख | तटबन्धन |
| ८ | केवर्ड सिंचाई कुलो निर्माण | ८ | केवर्ड | १५ लाख | सिंचाइ |
| ९ | किच शान्तिपुर सिंचाई कुलो निर्माण | ९ | शान्तिजागरण टोल | १५ लाख | सिंचाई |
| १० | झिलमिले मदानीचौर सिंचाई कुलो विस्तार तथा मर्मत | १० | झिलमिले मदानीचौर | १५ लाख | सिंचाइ |
| ११ | रानीबगर तटबन्धन आयोजना | ११ | रानीबगर | १५ लाख | तटबन्धन |
| १२ | मसिना पटारे सिंचाई पक्कि कुलो निर्माण | १२ | मसिना पटारे | १५ लाख | सिंचाई |
| १३ | साविक रामघाट ८ र ९ असुरेनी घुम्ने बेलचौर खानेपानी एक घर एक धारा लाइन विस्तार | १३ | रामघाट | १५ लाख | खानेपानी |

प्रस्ताव नं. ३ : नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षण सम्वन्धमा ।

निर्णय नं ३. भेरीगंगा नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षण सम्वन्धि विषय आगामी वैठकमा छलफल गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ४ : विविध सम्वन्धमा ।

निर्णय नं. ४(क) : जीवन विज्ञान सम्बन्धी सुर्खेतको वीरेन्द्रनगरमा आयोजना हुने चक्र विज्ञान कार्यक्रममा यस नगरपालिकाबाट बढिमा १० जना (जनप्रतिनिधी र कर्मचारी) लाई सहभागि गराउने र उक्त कार्यक्रममा सहभागि हुन लाग्ने शुल्क नगरपालिकाबाट भुक्तानी गर्ने निर्णय सर्बसम्मतीले पारित गरियो ।

निर्णय नं. ४(ख) : सुस्वा परियोजनाको सहकार्यमा प्राबिधिक मुल्यांकनका आधारमा तपसिल वमोजिमका खानेपानी योजनाहरु निर्माण गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो ।

तपसिल

१. शान्तिजागरण लिफ्ट खानेपानी तथा सरसफाइ योजना भेरीगंगा ९
२. रामपुर पाखापानी लिफ्ट खानेपानी तथा सरसफाइ योजना भेरीगंगा १३

CamScanner

**निर्णय नं. ४(ग) :** लिस्प परियोजनाको सहकार्यमा यस नगरपालिकामा सन्चालित योजनाहरु मध्ये बिभिन्न टेन्डरबाट बचेको रकमबाट निर्माण कार्य बाँकी रहेका योजनाहरुमा रु १० लाख भन्दा बढि नहुने गरी रकम थप गरी सोही योजनामा निर्माण कार्य गर्ने र बाँकी बचेको रकमबाट तपसिलका योजनाहरु निर्माण गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो ।

तपसिल

१. कैनपानी सामाखोरिया लेखझिंनी सडक निर्माण भेरीगंगा ७ रु १० लाख

साथै नगरपालिकाको बिभिन्न टेन्डरबाट बचेको रकम र कन्टेन्जेन्सी रकमबाट यस भेरीगंगा नगरपालिकाको प्रशासकीय भवन परिसर क्षेत्रमा भुक्षय नियन्त्रण र सडक स्तरउन्नती गर्ने । भेरीगंगा १२ रु १० लाख

**निर्णय नं. ४(घ) :** आगामी आब देखि यस वर्ष संघ र प्रदेशमा पठाइएका र छुट भएका योजनाहरु थप गरी उपयुक्त फर्मेट बनाइ भेरीगंगा नगरपालिकाका बिभिन्न योजनाहरुको सुची वनाइ भेरीगंगा नगरपालिकाको योजना बैंकमा राखी वेबसाइट मार्फत प्रकाशन गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो।

CamScanner